# सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यवस्थापन) कार्यविधि,२०७५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

करणाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र ब्यवस्थापन) कार्यविधि,२०७५

**प्रस्तावनाः** सार्वजनिक, सहकारी र निजी क्षेत्र मार्फत देशलाई समृद्ध बनाउने राज्यको मूल मर्म अनुरुप कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाई सम्बृद्ध कर्णालीका लागि सहकारी अभियान अन्तर्गत सहकारीलाई समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न प्रत्येक जिल्लाका उपयुक्त क्षेत्रमा सहकारी नमुना गाँउ निर्माण गर्दै समाजवादको अभ्यासको रुपमा विकास गरी सामाजिक, आर्थिक, सांस्कृतिक र पूर्वाधारका साथै पर्यटकीय क्षेत्रको रुपमा समेत विकास गर्ने उद्देश्यले आ.व.२०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारी नमूना गाउँ स्थापना, सञ्चालन र ब्यवस्थापन गर्न बाञ्छनीय भएकोले मन्त्रालयले "**सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र ब्यवस्थापन) कार्यविधि-२०७५**" तयार गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र ब्यवस्थापन) कार्यविधि-२०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "सहकारी संस्था" भन्नाले सहकारी नमूना गाँउ सञ्चालन हुने क्षेत्रका सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले यो कार्यविधि प्रारम्भ भएपछि सहकारी नमूना गाँउको रुपमा सञ्चालन हुने गरी दर्ता हुने सहकारी संस्थालाई समेत जनाउदछ ।

ख) "नमुना गाउँ" भन्नाले दफा ३ मा उल्लेखित मापदण्ड पुरा गरेको गाउँ सम्झनु पर्छ ।

ग) "कार्यक्रम" भन्नाले नमुना गाउँ तोकिएको क्षेत्रमा सञ्चालन हुने होमस्ट्रे, चमेना गृह, कोसेली गृह, सामुहिक तथा करार खेती, नगदेबाली, कृषिजन्य उद्योग तथा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन, प्रशोधन तथा बजारिकरण एवं सास्कृतिक एवं सामाजिक सदभाव विकासका लागि सञ्चालन गरिने क्रियाकलाप सम्झनुपर्छ ।

घ) "मन्त्रालय" भन्नाले भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

ङ) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकायलाई सम्झनु पर्छ ।

च) "सञ्चालक समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ ।

छ) "निर्देशक समिति" भन्नाले दफा १० बमोजिम गठित समिति सम्झनु पर्छ ।

ज) "छनौट समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद–२

## सहकारी नमूना गाउँको स्थापना र सञ्चालन सम्बन्धी ब्यवस्था

**३.सहकारी नमूना गाउँको स्थापना र सञ्चालन गर्न सक्नेः** (१)मन्त्रालयले जिल्ला भित्रका गाउँहरु मध्ये उपर्युक्त गाउँको छनौट गरि सहकारी नमुना गाउँको घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिने सहकारी नमूना गाउँ छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

(क) घना वस्ती भई भौगोलिक रुपमा उपयुक्त क्षेत्रमा रहेको,

(ख) राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको क्षेत्र,

(ग) सामाजिक रुपमा सामुहिक भावना भएका ब्यक्तिहरुको बसोबास भएको क्षेत्र,

(घ) कृषि तथा पशुजन्य उत्पादनको प्रयाप्त सम्भावना भएका क्षेत्र,

(ङ) प्राकृतिक सम्पदा एवं सुन्दरता भई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने क्षेत्र,

(च) स्वच्छ खानेपानी, विजुली, टेलिफोन, ईन्टरनेट, बाटोघाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलब्ध भएको वा हुन सक्ने क्षेत्र,

(छ) दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकेको क्षेत्र,

(ज) सरसफाई एवं वातावरणीय दृष्टिले प्रदुषण रहित क्षेत्र,

(झ) अन्य उपयुक्त आधारहरु ।

(३) सहकारी नमूना गाउँको छनौट गर्दा उपदफा (२) बमोजिमका बढी भन्दा बढी आधार पूरा गरेको गाउँलाई छनौट गरिनेछ । सहकारी नमुना गाउँ घोषणा गर्दा महिला नेतृत्वद्धारा सञ्चालन भैरहेको सहकारी संस्था भएको क्षेत्रलाई प्रथामिकता दिइनेछ ।

**४.<u>सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन प्रक्रियाः</u>** (१) सहकारी नमूना गाउँ छनौट भई घोषणा भएको क्षेत्रमा दफा ५ मा उल्लेख भए बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(क) सहकारी नमूना गाउँ क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमको सञ्चालन मन्त्रालय आफै वा आवश्यकता अनुसार आफ्नो मातहतका अन्य निकायहरुबाट सञ्चालन गर्न गराउन सक्नेछ ।

(ख) छनौट गरिएको नमूना गाउँ क्षेत्रभित्र सञ्चालन गरिने दफा ५ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्न सकिनेछ ।उक्त प्रस्ताव पेश गर्दा विषयगत क्षेत्रको सम्भाव्य आधार, सम्वन्धित क्षेत्रको प्राविधिकको सिफारिस र सञ्चालक समितिको निर्णय संलग्न गर्नुपर्नेछ ।

(ग) कार्यालयमा पेश हुन आएका प्रस्तावहरुको प्रयाप्त आधार, सम्भाव्यता र प्राविधिकको परामर्शमा उक्त प्रस्तावहरुको स्वीकृती गर्नुपर्नेछ ।

(घ) प्रस्ताव पेश गर्न ईच्छुक सहकारी संस्थाले प्रस्ताव पेश गर्दा कार्यालयले तोके बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

(ङ) सहकारी नमूना गाउँ क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा कुल लागतको कम्तीमा बीस प्रतिशत रकम सम्बन्धित सहकारीले ब्यहोर्नु पर्नेछ ।

(च) सञ्चालक समितिले कार्यक्रम सञ्चालनका लागि विषयगत उपसमिति गठन गर्न सक्नेछ ।

(छ) सहकारी नमूना गाउँ भित्र सञ्चालन हुने कार्यक्रमको निर्माण, सञ्चालन, ब्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दा सम्भव भए सम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नुपर्नेछ।

(ज) कृषि सिंचाई, कृषि सडक तथा कृषि पूर्वाधार तथा अन्य निर्माण सम्बन्धि कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयको पूर्व स्विकृति बिना डोजर, लोडर,स्काभेटर जस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइनेछैन ।

(झ) कार्यक्रम सञ्चालन गर्दा काम गर्न बाधा पर्ने भएमा सञ्चालक समितिको अनुरोधमा सम्बन्धीत स्थानीय तहको र कार्यलयको सिफारिसमा मन्त्रालयले प्रयाप्त आधार र कारण देखेमा उल्लेखित उपकरणहरु प्रयोग गर्न स्वीकृति दिन सक्नेछ ।

(ञ) कार्यक्रम सञ्चालन गर्नुपूर्व सहकारी नमूना गाउँ क्षेत्रभित्र पर्ने सम्पूर्ण सहकारीका सदस्य तथा कृषकहरुको सहभागितामा निर्णय अनुसार नमूना गाउँ क्षेत्रभित्र सञ्चालन गरिने कार्यक्रमहरुको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।

(ट) प्राथमिकताक्रम निर्धारण गर्दा महिला, दलित, उत्पीडन, सिमान्तकृत समुदाय, भौगोलिक रुपले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक, पुर्वाधार विकासका दृष्टिले पछाडी परेको समुदायलाई प्राथमिकता दिनुपर्नेछ ।

(ठ) सहकारी नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरुको बजारिकरणका लागी सञ्चालक समितिले एक बजार ब्यवस्थापन समिति बनाउनु पर्नेछ ।उक्त समितिले कृषकले उत्पादन गरेको वस्तु तथा उपजहरु संकलन, प्रशोधन एवं प्याकेजिङ गर्ने गर्ने ब्यवस्था मिलाई आवश्यक परेमा स्थानिय ब्राण्ड समेत दिन सक्नेछ ।

तर, यसरी ब्राण्ड नाम राख्नु परेको खण्डमा संस्थाले यस सम्बन्धमा अन्य कुनै निकायबाट स्वीकृत लिनुपर्ने ब्यवस्था भएमा त्यस्तो स्वीकृती भने लिनुपर्नेछ ।

(ड) अलग-अलग स्वामित्व भएका कम्तीमा पन्ध्र घरधनिले सामूहिक ब्यवस्थापन गरि सामुदायिक ग्रामिण होमस्टे सञ्चालन गर्न सक्नेछन् ।सञ्चालन गर्नुपूर्व आधारभुत मापदण्ड पुरा गरी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नुपर्नेछ ।

(ढ) कृषिजन्य उद्योग सञ्चालन गर्नुपुर्व सम्बन्धीत स्थानीय तहको सिफारिस, सञ्चालक समितिको निर्णय संलग्न गर्नुपर्नेछ ।

(ण) कृषिजन्य उद्योग सञ्चालन गर्दा कम्तीमा दशजना सहकारी नमूना गाउँ क्षेत्रका स्थायी बासिन्दा सम्मिलित हुनुपर्नेछ ।

# परिच्छेद-३

## सहकारी नमूना गाउँमा सञ्चालन हुने कार्यक्रम सम्बन्धी ब्यवस्था

**५.सहकारी नमूना गाँउमा संचालन गरिने कार्यक्रमहरुः** सहकारी नमूना गाउँमा देहाय बमोजिमका  कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(क) कृषि तथा पशुपंछी जन्य वस्तुहरुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) सामुहिक तथा करार खेती सम्बन्धी कार्यक्रम,

(ग) साना घरेलु तथा मझौला उद्योगहरु स्थापना, संचालन र व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) वीउविजन उत्पादन तथा बिक्रिवितरण गर्ने सम्बन्धी कार्यक्रम,

(ङ) सहकारीमा आधारित सामुदायिक विद्यालय, अस्पताल, चमेना गृह, पार्क, उद्यान, श्रोत केन्द्र, जलविद्युत तथा सार्वजनिक सरोकारका महत्वपूर्ण संरचनासंग सम्बन्धित कार्यक्रम,

(च) होमस्टे स्थापना संचालन तथा व्यबस्थापन सम्बन्धी कार्यक्रम,

(छ) सुपथ पसलहरु, संकलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरुको खरिद बिक्रि सम्बन्धी कार्यक्रम,

(ज) क्षमता विकाससंग सम्बन्धीत तालिम, गोष्ठी, प्रशिक्षण एवं जनचेतनामूलक सूचना प्रकाशन, प्रशारणसंग सम्बन्धीत कार्यक्रमहरु र

(झ) आफ्नो क्षेत्रभित्र कृषि सिंचाई, कृषि सडक तथा कृषि पूर्वाधारहरुको निर्माण, संचालन तथा व्यबस्थापन गर्ने सम्बन्धी कार्यक्रमहरु ।

## परिच्छेद–४

## सहकारी नमूना गाँउ छनौट समितिको गठन सम्बन्धि ब्यवस्था

**६. सहकारी नमूना गाँउ छनौट समितिको गठनः** सहकारी नमूना गाँउ छनौटका लागि देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| प्रमुख, कृषि ज्ञान केन्द्र | - संयोजक |
| मन्त्रालयले तोकेको प्रतिनिधि | - सदस्य |
| प्रमुख वा प्रतिनिधि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | - सदस्य |
| कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| कार्यालयको सम्बन्धित शाखा प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारी | - सदस्य-सचिव |

**७. सहकारी नमूना गाँउ छनौट समितिको काम, कर्तव्य र अधिकारः** (१) सहकारी नमूना गाँउ छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारी नमूना गाँउ योग्य स्थानहरुको अध्ययन, अवलोकन गरी पहिचान गर्ने,

(ख) पहिचान गरिएका गाँउहरुको प्राथमिकरण गर्ने

(ग) पहिचान भएका सहकारी नमूना गाँउहरुको छनौटका आधार, स्थानीय जनताका माग र आवश्यकता, सम्भाव्यका आधारमा छनौट गर्न सक्नेछ । छनौट गर्दा आवश्यक अनुसार विषयगत विशेषज्ञता लिन सक्नेछ ।

(घ) छनौट गरिएका सहकारी नमूना गाँउले सहकारीको भावना विपरित कार्य गरेमा, प्रचलित कानून र यस कार्यविधि विपरित कार्य गरेमा उक्त गाँउलाई सहकारी नमूना गाँउबाट हटाई कालो सूचिमा राख्न सक्नेछ ।

(ङ) आवेदन पर्न आएका नमूना सहकारी गाउँको सूची तयार गरी प्राथमिकताक्रम निर्धारण गरि सहकारी नमूना गाउँ छनौट गर्न सक्नेछ ।

(च) सहकारी नमूना गाउँ छनौटको आधारहरु आफै निर्धारण गरि कार्यालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(छ) सहकारी नमूना गाउँमा सहयोग गर्न निश्चित आधार बनाई सम्बन्धित सहकारी संस्थाको सदस्य मध्ये एक सहकारी नमूना गाउँ परिचालक छनौट गर्नेछ ।यसरी छनौट गरिएको परिचालकलाई कार्यालयले नियुक्त गर्न सक्नेछ ।

**८. <u>सहकारी नमूना गाँउ संचालक समितिः</u>** सहकारी नमूना गाँउ कार्यक्रम संचालनका लागि कार्यक्रम संचालन हुने क्षेत्रमा देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) सहकारी नमूना गाँउ क्षेत्रमा रहेका सहकारी सदस्यहरु मध्येबाट निर्वाचित -अध्यक्ष

(ख) सहकारी नमूना गाँउ क्षेत्रमा रहेका सहकारीका सञ्चालक समितिका सदस्यहरु मध्येबाट मनोनित -उपाध्यक्ष

(ग) सहकारी नमूना गाँउ क्षेत्रमा रहेका सहकारीका सञ्चालक समितिका सदस्यहरु मध्येबाट मनोनित -कोषाध्यक्ष

(घ) सहकारी नमूना गाँउ क्षेत्रमा पर्ने सवै सहकारीहरुवाट १/१ जना प्रतिनिधि -सदस्य

(ङ) महिला, दलित, आदीवासी जनजाती, विपन्नको समावेशी प्रतिनिधित्व हुने गरी सबै सहकारीका सञ्चालक समितिका सदस्यहरु मध्येबाट मनोनित ५ जना -सदस्य

(च) सहकारी नमूना गाँउ परिचालक -सदस्य सचिव

यसरी समिति निर्माण गर्दा सञ्चालक समितिका पदाधिकारी सहित न्यूनतम ५० प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्नेछ ।

देहायको योग्यता भएको व्यक्ति सहकारी नमूना गाँउ संचालन समितिका अध्यक्ष र सदस्यहरुको पदमा उम्मेदवार हुन सक्नेछन् :-

(क) अध्यक्षको र सदस्यको हकमा सम्वन्धित सहकारीका सदस्यहरु मध्ये सहकारी सम्बन्धि अनुभव प्राप्त नेपाली नागरिक,

(ख) सम्बन्धित सहकारी नमूना गाँउ क्षेत्रमा रहेका सहकारी संस्थाका शेयर सदस्य भएको,

ग) सम्बन्धित सहकारी नमूना गाँउ क्षेत्रको स्थानीय वासिन्दा,

(घ) प्रचलित कुनै कानूनबाट अयोग्य नभएको ।

**९.<u>संचालक समितिको काम, कर्तव्य र अधिकार</u>**ः सहकारी नमूना गाँउ संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसारको रहनेछः-

(क) सहकारी नमूना गाँउका लागि आवश्यक योजना छनौट गर्ने,

(ख) सहकारी नमूना गाँउ क्षेत्र पर्ने सवै घरधुरीहरुलाई सहकारीको सदस्य बनाउन उत्प्रेरित गर्ने,

(ग) समितिले छनौट गरेका योजनाहरुमा बजेट विनियोजन गरि तोकिए बमोजिमको निकायबाट कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गर्ने आवश्यक वातावरण तयार गर्ने,

(घ) प्रचलित आर्थिक ऐन तथा नियमहरुको अधीनमा रही कार्यक्रम खर्चको श्रेस्ता तयार गर्न लगाउने,

(ङ) सञ्चालक समितिको बैठक महिनामा कम्तिमा १ पटक अनिवार्य रुपमा बस्नु पर्नेछ । त्यस्तो बैठकमा आवश्यकता अनुसार सम्वन्धित जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका, र वडाका पदाधिकारी र विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**१०. निर्देशक समितिको गठनः** (१) यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रमको सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशन समिति रहनेछः

(क) मन्त्री, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय -संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(च) सचिव, उद्योग,पर्यटन, बन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(झ) महाशाखा प्रमुख, सहकारी तथा गरिवी निवारण महाशाखा, भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

(३) कार्यालयले यस कार्यविधिको सम्बन्धमा द्विविधा भएको विषयमा लेखि पठाएमा उक्त द्विविधा हटाउनको लागी समितिले यस कार्यविधिको ब्याख्या गरि बाधा अड्काऊ फुकाउन मन्त्रालय मार्फत कार्यालयलाई आदेश दिन सक्नेछ ।

(४) सहकारी नमूना गाँउ संचालन तथा व्यबस्थापनका आवश्यक नीति तयार गर्न सक्नेछ ।

(५) सहकारी नमूना गाँउ छनौटका आधारहरु निर्धारण गर्न सक्नेछ ।

**११. <u>कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकारः</u>** यस कार्यविधिमा व्यवस्था भए बमोजिम कार्यक्रम/कार्यक्रमको कार्यान्वयन गर्ने सम्वन्धमा कार्यालय प्रमुखको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा ८ बमोजिको समितिले पेश गरेको कार्यक्रमको स्वीकृत गर्ने,

(ख) स्वीकृत कार्यक्रमको जानकारी सम्वन्धित सहकारी संस्थालाई दिने,

(ग) गाउँपालिका / नगरपालिका / अन्य कुनै निकायको प्राविधिकको सहयोगमा स्वीकृत कार्यक्रमको लागत अनुमान तयार गर्न लगाउने,

(घ) लागत अनुमान तयार भएपछि उक्त लागत अनुमानको आधारमा संस्थाले गर्नुपर्ने लगानी र मन्त्रालयको तर्फबाट गरिने लगानीको रकम वार्षिक स्वीकृत बजेटको परिधिभित्र रहेर एकिन गर्ने,

(ङ) कार्यालयको तर्फबाट सम्वन्धित सहकारी संस्थासंग सम्झौता गर्ने,

(च) सम्झौता बमोजिम कार्य सुरु गर्न सम्वन्धित सहकारी संस्थालाई कार्यदेश दिने र

(छ) मन्त्रालयले दिएको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

**१२. <u>कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समितिको गठनः</u>** (१) सहकारी संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न मन्त्रालय र कार्यालयले एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी अनुगमन गर्न गराउन सक्नेछ ।

**१३. <u>कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य तथा अधिकारः</u>** कार्यक्रम आयोजना अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार मन्त्रालय र कार्यालयले समिति गठन गर्दा तोके बमोजिमको हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी ब्यवस्था

**१४. <u>विवरण सार्वजनिक गर्नुपर्नेः</u>** (१) मन्त्रालयको बजेट तथा कार्यक्रमबाट सञ्चालित कार्यक्रमको सम्बन्धमा कार्यक्रम सम्बन्धी विवरण र खर्चको विवरण कार्यक्रमस्थल एवं संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि प्रष्टसंग पढ्न सकिने गरि  सहकारी संस्थाले आफ्नो सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सार्वजनिक गरिने विवरणमा कार्यक्रमको स्वीकृत प्रस्ताव वमोजिम प्रदेश सरकारका साथै संस्थाको योगदान र अद्यावधिक खर्चका महलहरु समेत समावेश गरि राखु पर्नेछ ।

(३) मन्त्रालयले यस कार्यविधि वमोजिम साझेदारीमा सञ्चालन गरेका कार्यक्रमहरुको प्रगति विवरण र सोको उपलब्धी समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

**१५. साधारणसभालाई जानकारी गराउनु पर्ने:** यस कार्यविधि वमोजिम अनुदान प्राप्त भए पछि सहकारी संस्थाले लगतै वस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

**१६. असूल उपर गरिने:-** (१) यस कार्यविधि बमोजिम साझेदारीमा कार्य गर्ने गरि प्राप्त रकमको सम्बन्धित सहकारी संस्थाले आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागी प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको खर्च तोकिएको क्षेत्र बाहेक अन्यत्र गरि दुरुपयोग गरिएको निरीक्षण तथा अनुगमन गर्दा पाईएमा त्यस्तो संस्थाका सञ्चालक तथा पदाधिकारीको घरघरानाबाट दुरुपयोग भएको रकम सरकारी बाँकी सरह असुल उपर गरि प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

**१७. प्रतिवेदन पेश गर्नुपर्ने:** (१) सहकारी संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा सञ्चालन गरेको कार्यक्रम/कार्यक्रमको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको सात दिन भित्र कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यक्रमको प्रतिवेदन अवधिभित्र भएको भौतिक तथा वित्तिय प्रगति विवरण समेत प्रष्ट हुने गरि पठाउने ब्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी प्राप्त गर्नु पूर्व कार्यालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

**१८. स्वीकृत कार्यक्रम बमोजिमको बजेट रोक्का गर्न सक्ने:** (१) दफा १३ बमोजिम अनुगमन गर्दा सहकारी संस्थाले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्राप्त गरेको रकमको सदुपयोग नगरेको वा सम्झौता बमोजिमको कुनै शर्त पालना गरेको नपाईएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा मन्त्रालयले मुनासिव समय दिई देहाय बमोजिम गर्न गराउन सक्नेछः

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सूचारु गर्न लगाउने,

(ग) सम्झौतामा उल्लेखित शर्त पालना नभएकोमा पालना गर्न लगाउने,

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा मन्त्रालयले आवश्यक सुधार गरेपछि फुकुवा हुने गरि बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

**१९. <u>कालोसूचीमा राख्न सकिनेः</u>** (१) यस कार्यविधिको दफा ५ वमोजिम लागत साझेदारीमा काम गर्न उपलब्ध गराईएको रकमको सदुपयोग नगर्ने, दफा १७ वमोजिम प्रतिवेदन पेश नगर्ने, दफा २१ को उपदफा (२) वमोजिम अनुगमन कार्यमा सहयोग नगर्ने, दफा २६ वमोजिम वित्तीय लेखापरीक्षण नगराउने, दफा १४ वमोजिम विवरण सार्वजनिक नगर्ने सहकारी संस्थालाई मन्त्रालयले कालोसूचीमा राख्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम कालो सूचीमा परेका सहकारी संस्थालाई यस कार्यविधि वमोजिम आगामी पाँच वर्षसम्म मन्त्रालयले  कुनै पनि रकम उपलब्ध गराउने छैन ।

**२०. <u>अधिकार प्रत्यायोजन गर्नुपर्नेः</u>** (१) यस कार्यविधि बमोजिम कार्यालयबाट सञ्चलित हुने बजेट तथा कार्यक्रमको खर्च गर्ने अख्तियारी सचिवले सम्बन्धित कार्यालयका प्रमुखलाई पठाउनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम कार्यसम्पादन गर्न सचिवले आफुलाई प्राप्त अधिकार आवश्यकता अनुसार सम्बन्धित कार्यालयको प्रमुखलाई  प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. <u>निरीक्षण तथा अनुगमन सम्बन्धी ब्यवस्थाः</u>** (१)  मन्त्रालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरुको जुनसुकै बेला निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा अनुगमनमा खटिएका कर्मचारीलाई सहयोग गर्नु र दिएको निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय र सहकारी संस्थाको दायित्व हुनेछ ।

**२२. <u>विभागीय कारवाही हुनेः</u>** यस कार्यविधि बमोजिम उल्लेखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही हुनेछ ।

## परिच्छेद ५

## भुक्तानी र लेखापरीक्षण सम्बन्धी ब्यवस्था

**२३. कन्टेन्जेन्सी रकम सम्वन्धी ब्यवस्थाः** (१) आयोजना सञ्चालन गर्नको लागि यस कार्यविधि बमोजिम कार्यालयले देहाय बमोजिमको कन्टेन्जेन्सी रकमको ब्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कन्टेन्जेन्सी रकम छुट्याउदा छनौट भएको आयोजनाका लागी विनियोजित बजेटबाट पूँजिगत खर्च अन्तर्गतका कार्यक्रम भए पाँच प्रतिशत कन्टेन्जेन्सीको रुपमा कट्टा गरी बाँकी रकम कार्यक्रम सञ्चालनको लागि कूल लागतमा समाबेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम कट्टा गरिएको कन्टेन्जेन्सी रकम आयोजनासँग सम्बन्धित कार्यालय सञ्चालन, बैठक भत्ता, विविध खर्च र अनुगमन निरीक्षणको लागी आवश्यक पर्ने दैनिक तथा भ्रमण खर्च प्रयोजनको लागी मात्र प्रयोग गर्नुपर्नेछ ।

**२४. भुक्तानी सम्बन्धी ब्यवस्थाः** (१) यस कार्यविधि बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अनुसार भएको कामको खर्चको भुक्तानी देहाय बमोजिम बढीमा तीन किस्तामा उपलब्ध गराउन सकिनेछ ।

(क) सम्झौता भई कार्य शुरु भए पश्चात खर्चको फाँटवारी र निर्माण कार्यको हकमा प्रथम रनिङ्ग विल प्राप्त भएपछि प्रथम किस्ता स्वरुप सम्झौता बमोजिमको वीस प्रतिशत रकम,

(ख) खर्चको फाँटवारी र दोस्रो रनिङ्ग विल प्राप्त भएपछि दोस्रो किस्ता वापत सम्झौता रकमको तीस प्रतिशत रकम र

(ग) कार्यसम्पन्न भए पश्चात सम्झौता बमोजिमको बाँकी पचास प्रतिशत रकम ।

(२) अन्तिम किस्ता भुक्तानी गर्नुपुर्व कार्यालयले सम्बन्धित सहकारी संस्थाबाट देहाय बमोजिमको कागजात प्राप्त भए नभएको जाँच गर्नुपर्दछ ।

(क) कार्य सम्पन्न भएको कूल रकमको विवरण,

(ख) प्राविधिकबाट जाँचपास भएको कार्यसम्पन्न प्रतिवेदन,

(ग) कार्यक्रम सञ्चालन भएको सम्वन्धित नगरपालिका वा गाउँपालिका वा वडा कार्यालयले दिएको सिफारिस,

(घ) सम्बन्धित संस्थाले भुक्तानीको लागि सम्बन्धित निकायमा दिएको निवेदन,

(३) उपदफा (२) बमोजिमका कागजात प्राप्त भएपछि आवश्यक जाँचवुझ गरि सम्बन्धित कार्यालयको आर्थिक प्रशासन शाखाको प्रमुखले लेखा उत्तरदायी अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजात पेश भएपछि लेखा उत्तरदायी अधिकृतले भुक्तानीको लागी आदेश दिनेछ ।

(५) उपदफा (४) बमोजिम आदेश प्राप्त भएपछि आर्थिक प्रशासन शाखाले सम्बन्धित संस्थाको नाममा खर्च लेखी एकाउन्टपेयी चेक खिची भुक्तानी दिने ब्यवस्था गर्नुपर्नेछ ।

**२५. <u>लेखा राख्नुपर्ने:</u>** सहकारी संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा काम गर्ने गरी प्राप्त गरेको रकमको विवरण प्रष्ट देखिने गरी प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा दोहोरो लेखा प्रणालीमा आधारित स्रेस्ता राख्नुपर्नेछ ।यसरी राखिएको श्रेस्ताको प्रमाणित छायाँप्रति आफूसँग राखी सक्कल श्रेस्ता लेखापरीक्षण प्रयोजनको लागि सम्वन्धित कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

**२६. <u>लेखापरीक्षण गराउनुपर्ने:</u>** (१) यस कार्यविधि बमोजिम सहकारी संस्थाले साझेदारीमा गरेको कामको सन्दर्भमा भएको खर्चलाई आफ्नो संस्थाको आयव्यय विवरणमा समावेश गरी लेखापरीक्षण गराउँदा आफूसँग रहेको छायाँप्रति श्रेस्ता समेतको परीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षकबाट लेखापरीक्षण भैसकेपछि सोको प्रतिवेदन सम्बन्धित कार्यालय र मन्त्रालयमा समेत दिनुपर्नेछ ।

## परिच्छेद ६

## विविध

**२७. स्थानीय तहसंगको समन्वयः** (१) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र यस कार्यविधि वमोजिम स्वीकृत भएको लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम, सोको लागी छुट्याईएको बजेट रकम र प्रयोजन समेत खोली त्यस्तो सहयोग प्राप्त गर्ने संस्थाहरुको विवरण सम्वन्धित स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा १७ वमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तहले उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले संचालन गरेको कार्यक्रमको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नु पर्नेछ ।

(४) सहयोग प्राप्त गर्ने संस्थाहरुले प्राप्त सहयोगवाट गरेका कार्यहरु र सोको उपलब्धी सम्वन्धी विवरण वार्षिक साधारण सभावाट अनुमोदन गरी सोको एक प्रति सम्वन्धित स्थानीय तहमा समेत उपलव्ध गराउनु पर्नेछ ।

**२८. प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत विभिन्न सहकारी संस्थाहरुलाई सहयोग पुग्ने गरि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रममा प्रदान गरिने रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न प्रदान गरिने रकमका सम्वन्धमा अन्य व्यवस्था निर्देशन समितिले तोके वमोजिम हुनेछ ।

२९. **<u>असल नियतले गरेको कामको बचाउः</u>** यस कार्यविधि बमोजिम असल नियतले गरेको काम कारवाहीको सम्वन्धमा मन्त्रालय वा कार्यालयको पदाधिकारी वा कर्मचारी ब्यक्तिगत वा सामुहिक रुपमा उत्तरदायी हुनेछैन ।

३०. **<u>दिग्दर्शन एवं मापदण्ड वनाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक दिग्दर्शन एवं मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

३१. **<u>व्याख्या गर्ने अधिकारः</u>** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी मन्त्रालयले कार्यविधिको व्याख्या गरि आवश्यक आदेश जारी गर्न सक्नेछ। यस सम्वन्धमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

३२. **<u>प्रचलित कानून लागु हुनेः</u>** यस कार्यविधि अनुसार सम्झौता बमोजिमको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्ने क्रममा सम्बन्धित सहकारी संस्थाले प्रचलित प्रदेश कानून र नेपाल कानूनको रीत पुर्‍याइ कार्य सम्पादन गर्नु पर्नेछ।